प्र.जि.अ. ०९७-५४११२५
स.प्र.जि.अ ०९७५४११५६
प्रशासन/नागरिकता ०९७-५४१३११
फ्याक्स नं. ०९७-५४११५१
Website : daobajura.moha.gov

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मार्तडी,बाजुरा

प.सं.:- ०७७/७८
च.नं.:-

मितिः-२०७७/०४/०९

## सूचना ! सूचना !! सूचना !!!

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मं.बै./३२१/१४२ र १४३ मिति २०७७/०४/०५गतेको पत्रहरुमार्फत प्राप्त कोभिड-१९ सम्बन्धी मं.प.बै.सं.२२/०७७,मिति २०७७/०४/०५ को मन्त्रीपरिषद्को बैठकले गरेको निर्णयहरु सर्वसाधारण सबैलाई जानकारी गरिन्छ ।

❖ विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा देहाय बमोजिम गर्ने गराउने गरी संकामक रोग ऐन,२०२० को दफा २ बमोजिम देहायको आदेश जारी गर्ने ।

१. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ चैत्र ९ गतेको निर्णय अनुसार मिति २०७६ चैत्र ११ गतेदेखि शुरु भई विभिन्न मितिमा हेरफेर तथा थपघटसहित नेपाल भर लागू रहेको बन्दाबन्दी (लकडाउन) सम्बन्धी व्यवस्था मिति २०७७ साउन ६ गते मङ्गलबार (तदनुसार २०२० जुलाई २१) मध्यरात पछि अन्त्य गर्ने । नेपालभर लागू रहेको बन्दाबन्दी (लकडाउन) सम्बन्धी व्यवस्था बाहेक कोभिड-१९को रोकथाम ,नियन्त्रण र उपचार सम्बन्धमा गरिएका अन्य व्यवस्था यथावत कायम राख्ने ।

२.जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेका मापदण्डबमोजिम हुनेगरी देहायका सेवा तथा कार्यहरु मिति२०७७ साउन १५ गतेदेखि संञ्चालन गर्नेः-
(क) होटल, रेष्टुरेन्ट (सामूहिक भोज,पार्टी, सेमिनार वा अन्य सामुहिक भेला हुने बाहेक):
(ख) ट्रेकिङ्ग, ट्राभल, पर्वतारोहणलगायत पर्यटन व्यवसाय ।

३. जनस्वास्थ्य तथा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी देहायका सेवा तथा कार्यहरु मिति २०७७ भदौ १ गतेदेखि देहाय बमोजिम संञ्चालन गर्ने :-
(क) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तोकेको मापदण्डबमोजिम हुनेगरी छोटो, मध्यम र लामो दुरीमा जिल्ला भित्र तथा अन्तर जिल्ला सञ्चालन हुने निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधनहरु :
(ख) संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेको मापदण्डबमोजिम हुनेगरी सो मन्त्रालयले तोकेका आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यवसायिक तथा अन्य उडानहरु :

समीर भण्डारी
...जिल्ला अधिकारी

प्र.जि.अ. ०९७-५४११२५
स.प्र.जि.अ ०९७५४११५६
प्रशासन/नागरिकता ०९७-५४१३१।
फ्याक्स नं. ०९७-५४११५१
Website : daobajura.moha.gov



प.सं.:- ०७७/७८
च.नं.:-

मितिः-२०७७/०४/०९

(ग) अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल ;
(घ) विद्यार्थी भर्ना, शैक्षिक र अन्य परीक्षा संञ्चालन ।

४. देहाय बमोजिमका सेवा र कार्यहरु अर्को सुचनाबाट तोकिएको मिति देखि सञ्चालन गर्नेः-
(क) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र);
(ख) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार;
(ग) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन ;
(घ) सिनेमा हल, पार्टी प्यालेस,डान्सबार लगायतका मनोरञ्जनस्थल;
(ङ) सैलुन, ब्युटीपार्लर तथा स्पा;
(च) स्विमिङ पुल,जिमखाना लगायत हेल्थ क्लब;
(छ) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति;
(ज) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल;
(झ) पुस्तकालय, सङ्ग्रहालय र चिडियाखाना ।

५. सबै प्रकारका सेवा तथा कार्यहरु सञ्चालन गर्दा दुई मिटरको सामाजिक दूरी कायम गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरी सेवा र कार्यहरु सञ्चालन गर्ने ।

६. व्यवसायीहरुले औषधी र औषधीजन्य सामाग्रीको नियमित आपूर्तिको व्यवस्था गर्ने । अभाव देखाई मूल्य वृद्धि गर्ने वा कालो बजारी , जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिने, सामाग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने ।

संकामक रोग ऐन,२०२० अन्तगत जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई साहि ऐन बमोजिम कारवाही हुने व्यहोरा सर्वसाधारण सबैलाई जानकारी गराईन्छ ।

Ameen
066/08/09

समीर भण्डारी
सहायक प्रमुख जिल्ला अधिकारी